annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १३५ पृष्ठ ८ | काठमाडौं, बिहीबार २७ भदौ २०८१ | भाद्र शुक्लपक्ष नवमी नेपाल संवत् ११४४ | THURSDAY, SEPTEMBER 12, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

## गेटामा कहिले खुल्ला एमबीबीएसको गेट ?

- २०६५ सालदेखि मेडिकल विश्वविद्यालय निर्माणको प्रक्रिया सुरु
- २०७० सालबाट जग्गाको भोगाधिकार
- ७ अर्ब लगानी, ५६ वटा भव्य भवन निर्माण
- ६ सय क्षमताको अस्पताल भवन निर्माण
- १०० शय्या मात्रै सञ्चालन, दैनिक ३०/४० जना बिरामी
- २०७९ माघ २९ गते सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय नामाकरण
- २०८० सालमा विश्वविद्यालय विधेयक राष्ट्रियसभामा दर्ता
- २०८० साल माघ २४ गते राष्ट्रियसभाबाट पारित
- प्रतिनिधिसभाको समितिमा विधेयक विचाराधीन



सुदूरपश्चिमबाहेक अरू सबै प्रदेशमा यस वर्षदेखि सरकारी तवरमा चिकित्सा शिक्षाको अध्यापन सुरु हुँदै छ। चिकित्सा शिक्षा आयोगले हालै ६ प्रदेशका २५ वटा प्रतिष्ठान र मेडिकल कलेजको सिट संख्या निर्धारण गरेको सूचना सार्वजनिक गर्‍यो। जबकि, सुदूरपश्चिमको राजधानी धनगढीनजिकै गेटामा मेडिकल कलेज अध्यापनका लागि पर्याप्त संरचना बनेका छन्। झन्डै ७ अर्बका ५६ वटा गगनचुम्बी भवन छन्। ६ सय क्षमताको अस्पताल भवन बनिसकेको छ। तर, विशाल भवनभित्र मेडिकल अध्यापन गराउन सरकार तयार भएन।

समाचार पृष्ठ २

**शिवराज भट्ट** | *धनगढी*

– को रिपोर्ट

### दसैंका लागि असोज १३ देखि सुकिला नोट



**काठमाडौं** (अन्नपूर्ण) : दसैंका लागि असोज १३ गतेदेखि नोट साट्न पाइने भएको छ। नेपाल राष्ट्र बैंकले बुधबार एक सूचना जारी गर्दै असोज १३ गतेदेखि २२ गतेसम्म नोट साट्न सकिने जानकारी गराएको हो। राष्ट्र बैंकको मुद्रा व्यवस्थापन विभाग र बैंकिङ विभागबाट नोट साट्न सकिनेछ।

राष्ट्र बैंकको प्रदेशस्थित कार्यालय जनकपुर, वीरगन्ज, पोखरा, सिद्धार्थनगर, नेपालगन्ज र धनगढीबाट नोट सटहीको सुविधा लिन सकिने बैंकले जनाएको छ। साथै इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाका शाखा कार्यालयहरूबाट समेत नोट सटही गर्न सकिनेछ। हरेक वर्ष दसैंका लागि नयाँ नोट बाँड्दै आएको राष्ट्र बैंकले यसपटक सुकिला नोट मात्र दिने भएको छ।

## उपसभामुखलाई राजीनामा दिन कांग्रेसको आग्रह

**अन्नपूर्ण** | *काठमाडौं*

सत्तासीन कांग्रेसले उपसभामुख इन्दिरा रानामगरलाई राजीनामा दिएर तत्काल मार्गप्रशस्त गर्न आग्रह गरेको छ। उपसभामुख रानामगरमाथि उठेका प्रश्न गम्भीर रहेको भन्दै कांग्रेसले मार्गप्रशस्त गर्न आग्रह गरेको हो।

बुधबार बिहान पार्टी सभापति शेरबहादुर देउवा निवासमा बसेको कांग्रेस पदाधिकारीको बैठकले उपसभामुखले पदीय मर्यादाविपरीत काम गरेको ठहर गर्दै राजीनामा माग गरेको हो।

कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेका अनुसार कांग्रेसले मार्गप्रशस्त नै उचित उपाय ठहर हुने निर्णय लिएको बताए। घिमिरेले भने, ‘उपसभामुखले त्यस्तो सिफारिस गर्नै मिल्दैन। जुन काम उहाँबाट भयो त्यो गलत छ।, त्यसले संसद्लाई नै अपमानित गर्ने काम गरेको छ। मुलुकको पनि शिर झुकाएको कांग्रेसको बुझाइ छ।’ कांग्रेसको आधिकारिक धारणाको विषयमा थप्दै घिमिरेले भने, ‘उपसभामुख आफैंले राजीनामा दिएर मार्गप्रशस्त गर्नु ठीक हुन्छ।’



उपसभामुख रानाले आफ्नो लेटरहेड प्रयोग गरेर भिसाका लागि अन्तर्वार्ताको मिति मिलाइदिन अमेरिकी दूतावासलाई पत्र लेखेको पत्र बाहिरिएको थियो। उक्त विषय राष्ट्रहितविपरीत र पदीय गरिमाविपरीत भएको भन्दै सत्तारूढ दलहरूले मंगलबार बिहानबाट राजीनामाको विषय उठाएका थिए। सोही विषयमा आफ्नो धारणा बनाउनका लागि सभापति देउवाले पदाधिकारी बैठक बोलाएका थिए। कांग्रेस सांसदहरूले बुधबार प्रतिनिधिसभा बैठकमा बोल्दै उपसभामुखलाई पदबाट राजीनामा दिएर छानबिनका लागि मार्गप्रशस्त गर्न पुन: आग्रह गरेका छन्।

बुधबारको प्रतिनिधिसभा बैठकमा बोल्दै कांग्रेस सांसदहरूले उपसभामुखले पदीय मर्यादाविपरीत काम गरेकाले तत्काल राजीनामा दिनुपर्ने बताएका हुन्। कांग्रेस सांसद प्रतिमा गौतमले उपसभामुखले पदको दुरुपयोग गरेकाले नैतिकताले पदमा बसिरहन नदिने बताइन्।

» बाँकी पृष्ठ ६

### प्रत्यक्ष बहसमा अमेरिकी राष्ट्रपतिका उम्मेदवार

## ट्रम्प आक्रामक, ह्यारिस संयमित

**राधा खनाल** | *काठमाडौं*

लगभग २४ करोड अमेरिकीहरूले मतदान गर्ने अमेरिकी राष्ट्रपतीय निर्वाचनका उम्मेदवारद्वय कमला ह्यारिस र डोनाल्ड ट्रम्प पहिलोपटक आमनेसामने चुनावी बहसमा उत्रेका छन्।

विश्वको ध्यान तानेको आगामी नोभेम्बरमा हुने अमेरिकी राष्ट्रपतीय निर्वाचन अघि दुई उम्मेदवारहरू बहसको सुरुवातमा संयमित भएर नीतिगत विषयमा बहस अगाडि बढे पनि तत्कालै उनीहरू राजनीतिक विगतमा पुग्दै व्यक्तिगत आरोप प्रत्यारोपमा मोडिएका थिए।

त्यस क्रममा ट्रम्प बढ्ता आक्रोशित देखिएका थिए। धेरैजसो समय बहसको क्रममा ह्यारिसले ट्रम्पलाई जवाफ दिँदा सीधा हेरेर दिएकी थिइन्। ट्रम्पले भनेका कतिपय अस्वाभाविक विषयमा ह्यारिस मुस्कुराउँदै टाउको हल्लाएकी थिइन्। ट्रम्पले ह्यारिसलाई मार्क्सवादी भनेर सम्बोधन गर्दा ह्यारिसले बेवास्ता गरिन्। ट्रम्पले भने बहसभर ह्यारिससँग आँखा जुधाउन चाहेनन्। उनी खाली





माइकमा मात्र केन्द्रित थिए। आगामी चुनावको भविष्य निर्धारण गर्न सक्ने हैसियत राख्ने डिबेटमा दुई उम्मेदवारले करिब ९० मिनेट बहस गरेका थिए। अमेरिकी टेलिभिजन च्यानल एबीसी न्युजमा प्रत्यक्ष प्रसारण गरिएको उक्त बहसको पहिलो आधा घण्टामा दुवै उम्मेदवारले बारम्बार एक अर्कालाई झुटो बोल्ने व्यक्ति भनेका थिए। त्यसक्रममा ट्रम्पले आफ्नो बचाउमा निकै समय खर्च गरेका थिए। ह्यारिसले भने ट्रम्पका आजसम्म भएका चुनावी प्रचार-प्रसार कार्यक्रममा उनको भाषण नसकिँदै भीड बाहिरिने गरेको बताएकी थिइन्।

» बाँकी पृष्ठ ६

